# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८३।०४।१४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कपिलवस्तु, शुद्धोधन गाउँपालिकाका उपाध्यक्षले गाउँपालिकामा जागिर लगाई दिन घुस रकम लिएको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला कपिलवस्तु, शुद्धोधन गाउँपालिकाका उपाध्यक्ष होम प्रकाश चौधरी (कुर्मी) को बैङ्क खातामा जम्मा भएको रू.५,००,०००/— (पाँच लाख) तत्कालीन MIS अपरेटर सुरेश कहाँरको बैंक खाताको चेकबाट कार्यालय सहयोगीको नाममा चेक काटी उक्त चेक गाउँपालिकाका उपाध्यक्षको बैङ्क खातामा जम्मा गरेको देखिंदा प्रतिवादी होम प्रकाश चौधरीले आ.व. २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको "न्यायिक असमानता विरूद्ध उपाध्यक्ष कार्यक्रम" सञ्चालन गर्ने जिम्मेवारी प्रतिवादी सुरेश कहाँरलाई दिएको र सोही बमोजिम गाउँपालिकासँग उक्त कार्यक्रम सञ्चालन गर्न सम्झौता गरी सम्झौता बमोजिमको कार्यक्रम गर्न भनी पेश्की वापत रू.६,००,०००/- रकम लिई निजको खातामा आउनासाथ उक्त रकममध्ये रू.५,००,०००/- उपाध्यक्षको खातामा हाल्न लगाएको, निज सुरेश कहाँरको खातामा सो बाहेक अन्य रकम खातामा रहे भएको नदेखिँदा कार्यक्रम सञ्चालनको लागि पेश्की रकम लिई कार्यक्रममा केही खर्च नगरी नगराई प्रतिवादी होम प्रकाश चौधरी (कुर्मी) र प्रतिवादी सुरेश कँहारबीच एकआपसमा मोलाहिजा गरी उक्त रकम घुस/रिसवत वापत लिए/दिएको देखिएकोले उक्त रकम "न्यायिक असमानता विरूद्ध उपाध्यक्ष कार्यक्रम" सञ्चालनका लागि गाउँपालिकाबाट भुक्तानी भएको पेश्की रकमबाट रू.५,००,०००/- (पाँच लाख रूपैयाँ) घुस/रिसवत वापत मागेको स्थापित भएको हुँदा निज प्रतिवादी होम प्रकाश चौधरी (कुर्मी) र प्रतिवादी सुरेश कँहारको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसुरजन्य कार्य भएकोले उक्त कार्यमा संलग्न निज प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | शुद्धोधन गाउँपालिका, कपिलवस्तुका उपाध्यक्ष **होम प्रकाश चौधरी (कुर्मी)** | रू.५,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ बमोजिमको कसुरमा बिगो रू. पाँच लाख रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम उक्त रिसवत रकम जफत हुनसमेत मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| २. | शुद्धोधन गाउँपालिकाका तत्कालीन MIS अपरेटर **सुरेश कहाँर** | रू.५,००,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा बिगो रू. पाँच लाख रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) बमोजिम उक्त रिसवत रकम जफत हुनसमेत मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने